मानेभन्ज्याङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मानेभन्ज्याङ, ओखलढुंगा

स्था. २०७३

(१ नं. प्रदेश), नेपाल

पत्र संख्या : ०७९/८०

चलानी नं. :

मिति :२०७९।०८।१४

## विषय: पालिका गान र लोगो तयार गर्ने सम्बन्धी सूचना !

यस मानेभन्ज्याङ गाउँपालिकाको पहिचान झल्किने गरी गाउँपालिका लोगो तथा गाउँपालिकाको गान तयार गर्नुपर्ने भएकोले देहायको शर्तको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १ महिनाभित्र (मिति २०७९ साल पुस १४ गतेसम्म) यस गाउँपालिकाको कार्यालयमा गाउँपालिकाको लोगो तथा गाउँपालिका गानको रचना गरी छुट्टाछुट्टै शिलबन्दी खाम पेश गर्नु हुन ओखलढुंगाका इच्छुक सबै (गीतकार र कलाकार) सर्जकहरुलाई छनौट समितिको मिति २०७९/०८/१२ गतेको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु:

१. पालिकाको सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक, ऐतिहासिक, भाषिक, साँस्कृतिक तथा पर्यटकीय मौलिक विशिष्टता झल्किने गरी पालिका गान तथा लोगो तयार गर्नु पर्नेछ ।

२. पालिका गान घटिमा ५० (पचास) शब्द र बढीमा ६० (साठी) शब्द हुनु पर्नेछ ।

३. पालिकाको लोगो नेपालको राष्ट्रिय लोगोकै आकारमा यस गाउँपालिकाको मौलिक विशिष्टता झल्कने हुनुपर्नेछ ।

४. छनौट भएको पालिका गानलाई २५५५५/- (पच्चिस हजार पाँचसय पचपन्न रुँपैया) साथै लोगोलाई २५५५५/-(पच्चिस हजार पाँचसय पचपन्न रुँपैया) पुरस्कार प्रदान गरिनेछ । छनौट भएका बाहेक अर्को ३ वटा उत्कृष्ट ठहरिएको गीतलाई सर्जकको सम्मान र प्रोत्साहनका लागि रेकर्ड गर्ने व्यवस्था गरिनेछ ।

५. पालिका गान र लोगोको मूल्यांकन छनौट समितिबाट गरिनेछ ।

६. रचनाकारले पालिका गान र लोगोमध्ये कुनै एक वा दुबै विधामा प्रतिष्पर्धा गर्न पाउनेछ ।

२०७९।८।१४

.............

छविलाल राई

प्रमुख प्रशासकीय अ